Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक ३५ २०७६ चैत २३ गते आईतवार Sunday 5, APR, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोशी अस्पतालद्धारा कोभिड-१९ (कोरोना भाइरस) उपचार केन्द्र संचालन

विराटनगर । कोरोना भाइस संक्रमित व्यक्तिहरुलाई स्वास्थय उपचारको लागि प्रदेश नं. १ को र ाजधानी विराटनगरमा प्रदेश सरकार को सहयोगमा कोशी अस्पतालले कोभिड-१९ उपचार केन्द्र संचालनमा ल्याएको छ।

उक्त उपचार केन्द्र विराटनगर महानगर पालिका वडा नं. १० मा रहेको नेशनल ट्रेडिङ्गको भवनलाई रंग रोगन, सरसफाई गरी कोभिड-१९ उपचार केन्द्र वनाएको छ ।

संचलनमा ल्याउनु अघि उपचार केन्द्रको प्रदेश नं. १ को मुख्यमन्त्री शेरधन राई, आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्की, विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली, जिल्ला समन्वय समिति मोरंगका प्रमुख नरेश पोखरेल लगायतले अनुगमन गर्नु भएको थियो ।

प्रदेशस्तरीय कोरोना रोकथाम तथा उपचार निर्देशक समितिको वैठकले सो ठाउमा एक हप्ता भित्र उपचार केन्द्र वनाउने निर्णय गरे अनुसार चैत्र ९ गते काम शुरु गरेकामा केही कामा ढिलो भएकोले चैत २१ गते देखि सो उपचार केन्द्र संचालनमा आएको छ।


कोरोना संक्रमितको लागि वि.म.पालिका वडा नं. १० मा बनाएका कोभिड-१९ उपचार केन्द्र

सामाजिक विकास मन्त्रालयद्धारा गरिएको पत्रकार सम्मेलनमा मुख्यमन्त्री शेरधन राईले प्रदेश १ का १ सय ३७ वटै स्थानीय तह, सुर क्षा निकाय, सुरक्षाकर्मी लगायतसँग समन्वय गरि कोरोना भाईरस विरुद्धको अभियानमा खटिएको बताउनुभयो भएको थियो ।

त्यसैगरी सामाजिक विकास मन्त्री जीवन घिमिरेले भने उपचार केन्द्र भवनको मर्मत संहार रंगरोगन, विद्युत जडान, धारा पानीको व्यवस्था, सीसी क्यामरा जडान, एसी जडान गर्ने काम भौतिक पुर्वाधार विकास मन्त्रालयले लिएको थियो । सरसफाई व्यवस्थापन गिर्न आवश्यक जेसीवी, ट्रिपर र श्रमिकहरु महानगर पालिकाले उपलब्ध गराएको छ।

उपचार केन्द्र हाता भित्र झार पात काट्ने, विरुवाहरुमा रंग रोगन गर्ने सामग्री मिलाउने काम आन्तरि क मामिला तथा कानून मन्त्रालयले गरेको छ। त्यसैगरी नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी बलका जवानहरुले श्रमदान गरेकोछ । उपचार केन्द्रको व्यवस्थापन र संर चना निर्माणमा प्रविधिक सहयोग कोशी अस्पतालले गरेको थियो ।

५० वेड क्षमताको अस्पतालमा

वांकी अन्तिम पेजमा...

## भारतबाट आएका नेपाली नागरिकलाई टाँडी क्वारेन्टाइनमा

विराटनगर । विश्व भरी फैलि रहेको कोरोना भाइरसको संक्रमणवाट वच्नको लागिष गरि एको लकडाउनको वेला सुनसरी धरानका ९ जना व्यक्तिहरु एक सात देखि विराटनगरमा बसि रहेको फेला परेपछि मोरंग प्रहरीले ती सवैलाई टाँडी क्वारेन्टाइनमा पठाएका छ ।

धरान प्रहरीले ती व्यक्तिहरु भारतवाट एक साता अगाडी फर्किएको लकडाउनका कारण विराटनगरमा आफन्तकोमा वसी रहेको सूचना दिएपछि तीनीहरुको खोजि गरिएको थियो ।

दिल्लीमा भएको मुश्लिमहरुको धार्मिक सभामा सहभागी भएर आएको भनिएका उनीहरु सो सभामा भने सहभागी नभएको मोरङ प्रहरीले जनाएको छ। त्यसपछि मोरङ प्रहरीले गएर बुझ्दा उनीहरु धार्मिक सभामा सहभागी भएको नदेखिएपनि भार तबाट आएको पाइएपछि मोरङको

वांकी अन्तिम पेजमा...

## मास्क, साबुन र ग्लोब्स वितरण

विराटनगर। कोरोना भाइरसवाट बच्नका लागि विराट राजवंशी साँस्कृतिक पुस्तकालय, विराटनगर-१२ ले सशस्त्र प्रहरी, नेपाल प्रहरी र सीमान्तकृत मुसहर समुदायलाई मास्क, साबुन र ग्लोब्स् वितरण गरेको छ ।

विश्वव्यापी कोरोनाको भाइरसको संक्रमणको रोकथाम र नियन्त्रणका लागि सरकारले गरेको लकडाउनमा सुरक्षाका लागि खटिएका सशस्त्र प्रहरी, नेपाल प्रहरी पनि सुरक्षित र हुन् भनेर सो सामग्री वितरण गरि एको आयोजकको भनाई छ।

पुस्तकालयका अध्यक्ष कुशेश्वर राजवंशी, सल्लाहकार रामसुन्दर विर ाट राजवंशी, अमिरलाल विराट र ाजवंशीले सो सामग्री वितरण गर्नुभएको थियो । पुस्तकालयले सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट बखरीका लागि प्रमुख सशस्त्र प्रहरी निरीक्षक हरि शाही, सशस्त्र प्रहरी सहायक निरीक्षक टीकाराम भुजेल एवम् प्रहरी चौकी बखरीका लागि प्रहरी सहायक निरीक्षक गणेशकुमार खत्रीलाई मास्क, साबुन र ग्लोब्स् वितरण गरेको थियो ।

त्यसैगरी सीमान्तकृत मुसहर

वांकी अन्तिम पेजमा...

## जनसुरक्षा कोषमा साढे एघार करोड जम्मा

विराटनगर । प्रदेश नं. १ मन्त्री परिषदको निर्णय अनुसार कोरोना भाईर स संकमण तथा उपचारमा सहयोग पुऱ्याउन स्थापना गरिएको कोरोना जनसुरक्षा कोषमा ११ करोड ४९ लाख १९ हजार ८९ रुपियां सहयोग र कम जम्मा भएको छ ।

विश्व व्यापी रुपमा कोरोना भाइर सको संक्रमण फैलिरहेको वेला नेपाल पनि उच्च जोखिममा रहेको मध्यनगर गर्दै कोरोनाको संक्रमण हुन नदिनका लागि लकडाउ, कोराइन्टाईन वेड, आइसुलेशन वेड र आसीयू वेल र कोरोना अस्पताल समेत गर्नुका साथै प्रदेश नं. १ का प्रदेश सरकारले कोर ोना नियन्त्रण तथा उपचारका लागि सहयोग पुऱ्याउने उदेश्यले प्रदेश सर कार मन्त्रि परिषदको निर्णय अनुसार १० करोड रकम कोषमा जम्मा गर ेको थियो ।

त्यसै गरी कोरोना जन सुरक्षा कोषमा सभामुख तथा उपसभामुखले १ लाख २१ हजार ५ सय ४०, प्रदेश लेखा नियन्त्रक कार्यालय का कर्मचार ीहरु संयुक्त रुपमा २० हजार ६ सय ८६, प्रदेश सभा सदस्य संयुक्त रुपमा २२ लाख ३० हजार ५२, मुख्य मन्त्री शेरधन राई एक महिनाका परि श्रमिक ७१ हजार ९ सय ४५ जम्मा गरि सकेका छन् ।

त्यसैगरी सोको मा सहयोग गर्ने बैकहरुमा सिद्धार्थ वैक १० लाख, कृषि विकास वैक ५ लाख, नेपाल बैक लिमिटेड ५ लाख, सिटीजन बैक इन्टर नेशनल लि. ७ लाख, कुमारी बैक १० लाख, माछा पुच्छ्रे वैक लि. ५ लाख, गरिमा विकास बैक ५ लाख, मेगा बैक लि. ५ लाख, एक्सल डेभेलपमेन्ट बैक लि. ५ लाख, मितेर ी डेभेलपमेन्ट बैक लि. ५ लाख, सप्तकोशी डेभेलपमेन्ट बैक ५ लाख, निर्धन उत्थान लघुवित्त संस्था लि. ४ लाख, सहारा नेपाल साकोश विर्तामोड १ लाख ५१ हजार प्रदान गरेको छ।

त्यसैगरी राउत कन्ट्रक्सन सर्भिस ११ लाख, हुलास वायर इन्डष्ट्रिज ११ लाख, अरिहन्त पल्टिपफइवर लि. ११ लाख, रघुपति जुटमिल लि.१० लाख, ट्रान्स नपाल फ्राइट सर्भिस प्रा.लि. ५ लाख, निर्माण व्यवसायी

वांकी अन्तिम पेजमा...

## सूचना सूचना सूचना

कोरोना भाइरस(कोभिड-१९) को विश्वव्यापी संक्रमणवाट नेपाल समेत उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनवाट प्रभाहित सूचनालाय् मधयनजर राखि मोरंग जिला भित्र यस भाइरसवाट हुन सक्ने संक्रमण र फैलावटलाई दृष्टिगत गरी जिल्लामा होली नखेल्न, भिडभाडमा नजान, उत्सव, मेला, सभा, सम्मेलन नगर्न तथा त्यस्ता पर्व, मेला, उत्सव तथा कार्यक्रममा नजान र उच्च सतर्कता अपनाउनको लागि सम्पूर्ण जिल्ला बासीहरुमा अनुरोध गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय मोरंग**
**प्रदेश नं. १ विराटनगर**

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## लकडाउ...

१० वटा भेन्टीलेटर रहने छ। हरेक वार्डमा सीसी क्यामरा जडान गरिएको छ। सीसी क्यामराको मद्दतमा कन्ट्रोल रुमबाट विरामीको निगरानी गरिने कोशी अस्पताल विराटनगरकी मेडिकल सुपरीटेन्डेन्ट डा. संगीता मिश्राले जानकारी गराउनु भएको थियो।

प्रदेश नं. १ मा क्वारेन्टाईनको लागि ३ हजार ८ सय २९ वेड, आइसुलेशन वेड ३ सय ९९ र आइसीयू ४० वेडको व्यवस्थापन भई सकेको छ। जसमा क्वारेन्टाइनमा महिला ५० र पुरुष ५ सय ७० गरी जम्मा ६ सय २० जना रहेको छ। आइसोलेशनमा महिला ५ र पुरुष १० गरी १५ जना रहेकोमा २ महिला र ३ पुरुष डिस्चार्ज भईसकेको छ। आइसीयू वेड सवै खाली छ।

## जनसुरक्षा...

संघ मोरंग १ लाख १ हजार, मानव अधिकार मञ्च ईलाम १ लाख सो कोषमा जम्मा गरी सकेका छन्।

व्यक्तिगत रुपमा रामचन्द्र प्रसादले २० हजार ५ सय ५५ र नाम नखुलेको सहयोग २ लाख २ हजार ३ सय ११ रुपिया सहयोग प्राप्त भएको छ।

सो कोषमा जम्मा भएको रकम प्रदेश नं. १ मा कोरोना नियन्त्रण तथा उपचारमा खर्च हुने छ।

## भारतबाट...

मिक्लाजुङ टाँडीस्थित क्वारेन्टाइनमा पठाएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

दिल्लीको धार्मिक सभामा सहभागी भएर विराटनगरमा आई बसेको जानकारी धरान प्रहरीले यसअघि दिएको थियो। तर, उनीहरु दिल्लीको सभामा सहभागी नभएको र कोरोनाको कुनैपनि लक्षण पनि नदेखिएको भएपनि क्वारेन्टाइनमा पठाइएको छ।

मोरङ प्रहरीले दिल्लीका धार्मिक सभामा सहभागी भएर आएका विराटनगरका एक व्यक्तिको पनि पहिचान गरि सकेको छ। विराटनगर रानी घर भएका ती व्यक्ति मार्च १० का दिन विराटनगर आइपुगेको र घर मै क्वारेन्टाइनमा बसेको प्रहरीले जनाएको छ।

## मास्क...

समुदायलाई कोरोना भाइरसको संक्रमणबाट बच्नको लागि साबुन र मास्क वितरण गरेको जनाइएको छ। विराटनगर-१२ का चार मुसहर टोलमध्ये बिनाभद्री टोल र सिमारिया बस्तीका मुसहर समुदायलाई साबुन र मास्क वितरण गरिएको जीतेन्द्र ऋषिदेवले जानकारी दिनुभयो।

तीनै समूहलाई गरी जम्मा तीन-तीन सय थान साबुन र मास्क एवम् प्रहरीलाई दुई सय थान ग्लोब्स् वितरण गरिएको जनाइएको छ।

**धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं।**

# कोरोना सहितको सबै किसिमको उपचार नोबेलमा

बिराटनगर। ज्वरो आएका बिरामीलाईसमेत अस्पतालहरुले लिन नमानिरहेका बेला बिराटनगर स्थित नोबेल शिक्षण अस्पतालका सञ्चालक डा.सुनिल शर्माले कोरोना लागेकासहित सबै किसिमका बिरामीको उपचार गर्न नोबेल अस्पताल तयार रहेको बताएका छन्।

कतिपय व्यक्तिले उपचार गर्न नमानेको भनेर अफवाह फैलाएको भन्दै उनले नोबेल अस्पताल जस्तोसुकै समस्याको पनि उपचार गर्न २४ सै घण्टा तयार रहेको बताएका हुन्। जुनसुकै समस्या भएका बिरामीको उपचारमा पनि नोबेल अस्पताल पछि नहट्ने भन्दै उनले सामाजिक सञ्जाल मार्फत पनि सन्देश दिएका छन्। नोबेलमा कोरोनाका संभावित बिरामी र अन्य समस्याका बिरामीको उपचारका लागि छुट्टा-छुट्टै उपचार कक्ष पनि निर्माण गरिएको छ।

'हामीले ५० शैयाको आइसोलेसन, ५ वटा भेण्टिलेटरसहितको १० शैयाको आइसोलेसन सघन उपचार कक्ष र २ वटा डेडिकेटेड डायलाईसिस मेसिनसहितको आइसोलेटेड डाइलाईसिससमेतको व्यवस्था गरेका छौ।' डा.शर्माले भने 'अफवाह फैलाउँनेको भ्रममा नपर्नुहोस्। हामी जस्तासुकै बिरामीको उपचारमा सधै प्रतिवद्ध छौ।' नोबेलमा कोरोनाका बिरामीको उपचारका लागि दुई सय बेडको आइसोलेसन वार्ड पनि तयारी अवस्थामा राखिएको डा.शर्माले जानकारी दिए।

कोरोनाका र अन्य बिरामीका लागि यत्ति धेरै बेडको बेग्ला बेग्लै उपचार कक्ष निर्माण गर्ने नोबेल निजी क्षेत्रबाट सञ्चालित नेपालकै पहिलो अस्पताल हो। ७१ वटा भेन्टिलेटरसहित ७ सय ६४ शैया रहेको नोबेल निजी क्षेत्रबाट सञ्चालित पूर्वी नेपालको सबैभन्दा ठूलो अस्पताल रहेको छ।

कोरोनाबिरुद्ध सरकारले अवलम्बन गरेको अभियानमा साथ दिन आफुले सकेको जस्तोसुकै सहयोग गर्न पनि तयार रहेको डा.शर्माले बताएका छन्। 'अहिले सरकारको मुख ताकेर मात्र बस्ने बेला हैन, सवैले सकेको भूमिका खेल्नुपर्छ। हाम्रो क्षेत्रबाट सक्दो सहयोग गर्न तयार छौ।' उनले भने

कोरोनाले निम्त्याएको संकटले सम्पूर्ण नागरिकलाई प्रभावित पारेकाले सवैको भलाइका लागि सहयोग गर्न आफु तयार रहेको डा.शर्माको भनाई छ। यसअघि डा.शर्माले नोबेल अस्पताललाई कोरोना उपचार केन्द्र बनाउँन दिन तयार रहेको घोषणा गर्दै सरकारलाई लिखित पत्रसमेत पठाएर छलफलका लागि आग्रह गरेका थिए।

उनले पूर्वी नेपालमै पहिलो पटक नोबेल अस्पतालमा उपचारमा खटिने सवै स्वास्थ्यकर्मीलाई पीपीईको व्यवस्था पनि मिलाएका छन्। अहिले कोरोनाका र अन्य बिरामीलाई छुट्टा छुट्टै स्तरीय उपचार कक्ष निर्माण गरिएको छ।

# विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं।
३. घरबाट निस्कने जैविक (कुहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं। घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ।
५. फ्रेशहाउस तथा माछा मासु पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर व्यवस्थापन आफै गरौ। अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- (हप्ताको ७ पटक संकलन हूने गरी) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ। अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाख्रा लाई छाडा छोडेमा जरिवाना गरिने छ। पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं। जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं।
   १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
   २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
   ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०

# दुई सय परिवारलाई खाद्यान्न वितरण

विराटनगर। कोरोना भाइरसले भएको लकडाउका कारण खाद्ययान संकमा परेका गरीब तथा विपन्न परिवारहरु लायन्स क्लब अफ विराटनगर ग्लोबलले खाद्यान वितरण गरेको छ।

विराटनगर महानगर पालिका वडा नं. ८ मधुमारा स्थित बधशाला मार्गमा बसोवास गर्ने दैनिक ज्यालादारीमा काम गर्ने मजदुर वर्गका करीब २ सय घरपरिवारलाई खाद्यान्न वितरण गरेको छ।

विश्व व्यापी रुपमा फैलि रहेको कोरोना भाईरसको सङक्रमण न्युनीकरण गर्न नेपाल सरकारले चैत्र ११ गते देखि गरिएको लकडाउनको समयमा दुई छाकको भोक टार्न धौ धौ परेकाहरुमा केही राहतको वातावरण सिर्जना गर्ने उद्देश्यले खाद्यान्न वितरण गरिएको छ।

क्लबले ती ज्याला मजदुरीमा काम गर्दै आएका स्थानीयहरुमा ३ केजी चामल, आधा लिटर खाने तेल र आधी केजी आलु लगायतका सामाग्री वितरण गरेको क्लबका सेकेण्ड भाईस प्रेसिडेन्ट मोहम्मद नशरुलले बताउनुभयो।

क्लबका प्रेसिडेन्ट ईन्द्र खत्रीको अध्क्षतामा भएको खाद्यान्न वितरणमा भने समाजसेवी दिलशाद आलम, नुर आलम र क्लबका सदस्य लगायतले सहजीकरण गर्नुभएको थियो।

# नोबेल अस्पतालमा बढ्यो विरामीको भिड

बिराटनगर। नोबेल शिक्षण अस्पतालमा बिरामीको भीड बढेको छ। कोरोना भाइरसको संक्रमणका कारण देशभर गरिएको लकडाउनले केहि साता यता अस्पतालहरुमा बिरामीको चाप ह्वात्तै घटेको थियो। तर, अहिले पुन : बिरामीको चाप बढ्न थालेको छ।

नोबेल मेडिकल कलेज कंचनवारीको आकस्मिक कक्षमा अहिले दैनिक एक सय भन्दा बढी बिरामी उपचारका लागि आउँने गरेको इमर्जेन्सी इन्चार्ज डा.अमित अग्रहरीले जानकारी गराएको छ। 'बिगत एक हप्ता देखि बिरामी धेरै कमी आएका थिए।' उनले भने 'अहिले दुई दिनयता बिरामीको चाप ह्वात्तै बढेको छ। लगभग पहिलेकै अवस्थामा बिरामी आउँन थालिसकेका छन।' अहिले दम, रुघाखोकी, मुटुरोग र नसा सम्बन्धि समस्याका बिरामी बढी आइरहेको डा.अग्रहरीले बताए।

निजी अस्पताल तथा नर्सिङ्गहोमहरुले कोरोनाको डरले बिरामी लिन नमानिरहेका बेला केहि दिन अघि नोबेल अस्पताल सञ्चालक डा.सुनिल शर्माले कोरोना सहित जस्तो सुकै समस्या भएका बिरामीको उपचारमा नोबेल अस्पताल २४ सै घण्टा खुल्ला रहेको उद्घोष गरेका थिए।

नोबेलमा कोरोनाका संभावित बिरामी र अन्य समस्याका बिरामीलाई छुट्टा-छुट्टै उपचार कक्षमा राखेर उपचार गरिदै आएको अस्पतालका प्रबन्ध निर्देशक इन्दिरा शर्माले जानकारी दिइन्। 'बिरामीहरुलाई संक्रमणबाट जोगाउँनका लागि बेग्ला-बेग्लै उपचार कक्षको व्यवस्था मिलाएका छ।

नोबेलले स्वास्थ्यकर्मीहरुलाई संक्रमणबाट जोगाउँन र बिरामीमा पनि संक्रमण फैलन नदिनका लागि उपचारमा खटिने सबै स्वास्थ्यकर्मीलाई पीपीईको व्यवस्था पनि मिलाएको छ। दैनिक करिव ३ हजार बिरामीको उपचार गर्दै आएको नोबेल निजी क्षेत्रबाट सञ्चालित पूर्वी नेपालकै सवैभन्दा ठूलो र स्तरीय अस्पताल रहेको छ।







परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# कोरोना भाइरसको नाममा भ्रष्टाचार नहोस्

कोरोना भाइरस कोभिड-१९ ले चीनवाट शुरु भई अहिले विश्वाका २ सय जति मुलुकलाई आफ्ना जालमा फाईसकेको छ । कोरोना भाईरसले अहिले विश्व नै त्रसिद वनेको छ । विकसित मुलकहरुले त जसो तसो धानला त र हाम्रो जस्तो अविकसित मुलुकमा कोरोना भइरस देखिएमा समाल्न पनि गाह्रे हुन्छ । यसको प्रभावले देशमा आर्थिक मन्दी आउनु स्वभाविकै हो । मुलुकको सरकार, राजनीतिक दल, नेपाली सेना, शशस्त्र प्रहरी बल लगायत आम नेपाली जनतामा एउटै विचार छ कोरोनाको संक्रमणवाट कसरी बच्ने र त्यसको लागि सरकारले क्वारेन्टाइन निर्माण, आसुलेशन, निर्माण, आसीयू वेड व्यवस्थापन गर्नमा अध्याधिक बजेट खर्च गरी रहेको छ । त्यो खर्च अहिले पार्दशी नभएकोले त्यसमा निकै भ्रष्टाचार भएको जनगुनासो आएको छ । केही हदसम्म त्यो गुनासो सही पनि सावित भएकोले कोरोनाको नाममा भ्रष्टाचार नहोस अन्यथा देशको स्थिति गम्भिर खतरामा पर्ने छ ।

नेपालमा पनि कोरोनाको संक्रमण दोस्रो चरणमा प्रवेश गरिसकेका छ । अहिले सम्म नेपालमा ९ जनामा कोरोना पोजिटिभ देखिएकाले १ जनाको निको भई सकेको छ भने एकजनामा विदेशवाट नेपाल आएको र त्यसवाट दोस्रो व्यक्तिमा सरेको पुष्टी भई सकेको छ । त्यसले लकडाउन अझ लम्विन सक्ने भएकोले वजारमा देखिएको आपुर्ति अभाव देखाएर व्यापरीहरुले अत्याधिक मुल्य लिएर समान विक्री वितरण गरेको छ भने राहत वितरण पनि गरीब, असाहय, ज्यालादारी गर्ने मजदुरको घर सम्म पुग्दैन वरु जनप्रतिनिधीहरुले आफ्नो नातो-गोता, आफ्नो समर्थकहरु धनी भएपनि त्यसको घरमा राहत पुगेको गुनासो समेत आईरहेको छ । अहिलेको अवस्थामा कमीसन नखाउं, भ्रष्टाचार नगरौ, संक्रमणलाई वढ्न नदिनका लागि आफु पनि लकडाउन उलघंन नगरो अरुलाई पनि गर्न नदिऊ र सवा भावले कोरोनाको विरोद्ध लड्न जरुरी छ ।

कोरोना भाइरसको संक्रमणवाट वच्नको लागि लकडाउनलाई उलघंन नगरौ, वरावर साबुन पानीले हात धुऔ । सामाजिक दुरी कायम राखौ । अतिआवश्यक काम परेमात्र घर वाहिर जाऔ जसले गर्दा आफू पनि सुरक्षित हुनका साथै समाज र देशपनि सुरक्षित हुनेछ छ । कोरोना संक्रमणवाट बच्नको लागि कोरोडौ खर्च भईसकेको छ भने कोरोना भई सकेमा त्यसको व्यवस्थापनको लागि सरकारले अर्बो खर्च गरेको अवस्थ छ । ती व्यवस्थापन गर्दा सेवा भावले गरौ आपतकालीन घडीमा भ्रष्टाचार नगरौ र नगर्न दिउं । राहत वितरणलाई एकद्धार निती वनाएर वितरण गर्नु अहिलेका प्रमुख आवश्यकता छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# कोरोना भाइरस 'पजल' सुल्झाउन सक्ने तीन प्रश्न

**सिद्धार्थ मुखर्जी**

(सिद्धार्थ मुखर्जी क्यान्सर चिकित्सक तथा मेडिकल अनुसन्धाता हुन् । उनको 'दी इम्पेरर अफ अल म्यालाडिज: अ बायोग्राफी अफ क्यान्सर' किताबले सन् २०११ मा गैरआख्यानतर्फ पुलिट्जर पुरस्कार जितेको थियो। उनको 'द जिन: एन इन्टिमेट हिस्ट्री' भन्ने अर्को किताब पनि प्रकाशित छ । मुखर्जीको यो लेख हामीले 'द न्यूयोर्कर' बाट भावानुवाद गरेका हौं ।)

फेब्रुअरी तेस्रो साता, चीनमा कोरोना भाइरसको डढेलो सल्किँदै थियो । म त्यो बेला भारतको कोलकातामा थिएँ ।

एकाबिहानै आकाशमा घामको डल्लो आफ्नो प्रचण्ड ताप बर्साउँदै थियो । तातो हावामा यताउति नाचिरहेका काला चंगाहरूसँगै मेरा आँखा पनि नाच्दै थिए ।

म होटलबाट शितला देवीको दर्शन गर्न निस्कें । उनको नाउँको अर्थ शितल हो । यज्ञमा आहुती दिएपछि बचेको चिसो भष्मबाट शितला देवी प्रकट भएकी हुन् भन्ने किम्बदन्ती छ ।

गृष्म याममा जब कोलकाता सहर आगोको भुङ्गोमा परेको फलामझैं रापिन्छ, त्यही रापले जब यहाँका मान्छे लल्याकलुलुक हुन्छन, तब उनीहरूको उद्धार गर्न शितला देवी प्रकट हुन्छिन् । तातो हावा मात्र होइन, शितला देवीले हाम्रो मनभित्रको तातो जलन पनि भष्म पारिदिन्छिन-यहाँका मान्छे यस्तै विश्वास गर्छन् ।

विश्वास त अरू पनि धेरै छ-उनी केटाकेटीलाई ठेउलाबाट बचाउँछिन्। दुखाइबाट राहत दिन्छिन् । र, यो लोकलाई महामारीको विघ्नबाट जोगाउँछिन्।

उनको सानो मन्दिर कोलकाता मेडिकल कलेजबाट अलिकति मात्र पर छ। मूर्तिमा उनी गधामा सवार भएको देखिन्छ । उनको एउटा हातमा शितल जल भरिएको भाँडो छ। उनी यही शितल जलका लागि सयौं वर्षदेखि चिनिँदै आएकी छन्।

'यो मन्दिर दुई सय पचास वर्ष पुरानो हो,' त्यहाँका एक संरक्षक मलाई भन्दै थिए ।

त्यो बेला केही ब्राह्मणहरू गंगा किनारको समथर मैदानमा तलमाथि भौंतारिँदै 'खोप' लगाउने चलन बसाउँदै थिए, जसलाई महामारीबाट बच्ने पहिलो खोप मानिन्छ। उनीहरू ठेउलाका बिरामीको खटिरा निचोरेर पिप निकाल्थे, त्यसलाई स्वस्थ मान्छेको छालामा घसिदिन्थे र माथिबाट पातलो कपडा बेरिदिन्थे।

मैले प्राचीन 'खोप' को यो भारतीय अभ्यास अरबी चिकित्सकबाट थाहा पाएको हुँ। उनले चिनियाँबाट थाहा पाएका रहेछन् ।

सन् ११०० सम्म चीनका स्वास्थ्यकर्मीहरू के विश्वास गर्थे भने, जो मान्छे ठेउला लागेर पनि मर्दैन, उसलाई अर्को कुनै रोगले छुन सक्दैन । त्यस्ता बिरामीलाई छुँदा मात्र पनि नयाँ बिरामीको रोग निको हुन्छ।

त्यही भएर उनीहरू ठेउलामा बाँचेकाहरूको सूची राख्थे । अर्कोचोटि महामारी फैलिँदै उपचारको जिम्मा सूचीमा नाउँ परेकाहरूको हुन्थ्यो । तत्कालीन चिनियाँ चिकित्सकहरू ठेउलाका खटिराको पाप्रा पिसेर पिठो बनाउँथे र त्यही पिठो चाँदीको लामो पाइपबाट केटाकेटीको नाकभित्र छिराउँथे ।

बिरामीको खटिराबाट निकालिने पिप वा पाप्रामा रोग संक्रमण गराउने जीवित भाइरस हुन्छ। त्यही जीवित भाइरसले नयाँ बिरामी निको पार्छ भन्ने चिनियाँ विश्वास थियो ।

यसरी बिरामीको शरीरभित्र जीवित भाइरस पसालेर उपचार गर्नु आकाशमा डोरी टाँगेर त्यसमाथि ढलपल हिँड्नुजस्तै थियो । कसैगरी पाउडरमा भाइरसको मात्रा बढी भयो भने केटाकेटीलाई ठेउलाले च्याप्पै समात्थ्यो। यस्तो घटना सयमा एउटा हुन्थ्यो। मात्रा सही पर्‍यो भने उसलाई सामान्य लक्षण देखिन्थ्यो, अनि आफैं निको हुन्थ्यो । त्यसपछि उसले जीवनपर्यन्त ठेउला प्रकोपबाट छुटकारा पाउँथ्यो ।

सन् १७०० मा आइपुग्दा ठेउला रोकथामको यो चिनियाँ अभ्यास अरब मुलकहरूमा पनि फैलियो। सन् १७६० को दशकमा सुडानका आमाहरू आफ्ना छोरा वा छोरीका लागि ठेउला खटिराको पिप वा पाप्रा अर्को आमासँग किन्ने गर्थे ।

सन् १७१५ मा टर्की्स्थित बेलायती राजदूतकी श्रीमती लेडी म्यारी वट्ले मोन्टागुलाई यही रोग लाग्यो। उनको सेतो चम्किलो छाला दागधब्बाले कालो देखिँदै गयो । उनले टर्कीको गाउँघरतिर प्रचलित यो खोपबारे थाहा पाइन् । उनले खोप लगाउने तरिका वर्णन गर्दै आफ्ना साथीहरूलाई चिठी लेखिन् 'एक जना वृद्ध महिला ठेउला खटिराबाट निकालेको पिप र पाप्रा लिएर आउँछिन् र बिरामीको कुन नसामा प्रयोग गरू भनेर सोध्छिन् ।'

जसै त्यो भाइरसयुक्त पिप वा पाप्रा बिरामीको शरीरमा प्रवेश गर्छ, ऊ केही दिनसम्म ज्वरोले थला पर्छ, लेडी म्यारी लेख्छिन, 'ज्वरोबाट ब्युझिँदा ऊ पूर्ण स्वस्थ भइसकेको हुन्छ। उनीहरूको अनुहारमा बीस-तीसवटा मात्र खटिरा बाँकी हुन्छन् । त्यसको आठ दिनपछि उनीहरू बिरामी हुनुभन्दा पहिलेकै अवस्थामा फर्कन्छन् ।' यही उपायबाट बर्सेनि हजार जनाको सुरक्षित उपचार गर्दै रोग काबूमा राख्न सफल भएको उनको भनाइ छ।

'म यो अभ्यास सुरक्षित छ भन्नेमा विश्वस्त भएँ,' उनी थप्छिन, 'यही तरिका म अब आफ्नो छोरामा प्रयोग गर्न तयार छु।'

धन्न, उनको छोरालाई कहिल्यै ठेउला लागेन।

त्यो घटनाको सयौं वर्षपछि हाम्रो जीव विज्ञानले सरुवारोग उपचारमा थुप्रै नयाँ-नयाँ आविष्कार गरिसक्यो । ठेउला मात्र होइन, आजभन्दा केही दशकअघि सम्म जुन सरुवारोगले महामारीको रूप लिन्थ्यो, आज त्यसलाई नियन्त्रण गर्ने खोप र औषधिहरू सर्वसुलभ छन्।

कोरोना भाइरस भने सबैका निम्ति अचम्मलाग्दो 'पजल' बनेको छ।

कसरी यो भाइरस आफ्नो उद्गम सहर चीनको वुहानबाट उडेर इटाली पुग्यो? कसरी यसले वन खाने डढेलोजस्तो इटालीलाई खाँदैछ ? यो भाइरसलाई मान्छेमा सार्ने जीव कुन होला ?

आजको मितिमा यी तीन प्रश्नबारे हामीलाई चाख भए पनि यसबारे जानिरहनु त्यति जरूरी छैन, जति जरूरी अर्का तीन प्रश्नको छ, जसका बारेमा म यहाँ चर्चा गर्दैछु । ती तीन प्रश्नको जवाफले नै कोरोना भाइरसबाट संक्रमित बिरामीलाई अलगथलग राख्ने, उपचार गर्ने र यो महामारी व्यवस्थापनको तरिका बदल्नेछ ।

पहिलो प्रश्न, मान्छे यो भाइरससँग जति धेरै सम्पर्कमा आउँछ, के त्यही अनुसार संक्रमणको जोखिम कति बढ्छ भनेर भन्न सकिन्छ?

दोस्रो, सुरूमा जति धेरै भाइरस शरीरमा छिर्‍यो के त्यसले शरीरलाई त्यति धेरै आक्रान्त बनाउँछ ?

तेस्रो, भाइरसले बिरामीलाई कसरी च्यापेको छ भन्ने कुराले अरू मानिसमा सर्न सक्ने जोखिम निर्धारण गर्छ कि गर्दैन ?

अहिले महामारीको प्रारम्भिक चरणमा हामीले संसारभरि कति मानिसमा यो भाइरस सल्कियो भन्ने मापन गरिरहेका छौं। जसै महामारीको गति बढ्ला, हामीले संक्रमित व्यक्तिभित्र भाइरसको मात्रा पनि हिसाब गर्नुपर्नेछ ।

अधिकांश सरुवारोग विशेषज्ञहरूले तथ्यांक अभावका कारण यो महामारीलाई अहिलेसम्म तीनवटा दृष्टिले मात्र हेरेका छन्-मान्छेहरू भाइरसको सम्पर्कमा आएका छन् कि छैनन् ? संक्रमित छन् कि असंक्रमित ? लक्षण देखिएको छ कि छैन ?

हालसालै 'वासिङ्टन पोष्ट' ले संक्रमणको अवस्था देखाउन एउटा अनलाइन ग्राफिक्स प्रसारण गरेको थियो, जसमा सहरका मान्छेलाई आकाशमा उडिरहेको थोप्लोका रूपमा चित्रण गरिएको थियो । खैरो थोप्लो भनेका असंक्रमित व्यक्ति, र रातो थोप्लो संक्रमित व्यक्ति । तिनै व्यक्तिमा जब रोग प्रतिरोधात्मक शक्ति विकास हुन्छ, उसको रङ गुलाबी हुँदै जान्छ ।

यो अनलाइन ग्राफिक्स अनुसार, प्रत्येक रातो थोप्लोले जब खैरो थोप्लोलाई छुन्छ वा उसको सम्पर्कमा आउँछ, भाइरस एउटाबाट अर्कोमा सल्किन्छ । बाहिरबाट कुनै हस्तक्षेप नगर्ने हो भने विस्तारै सबै थोप्लो खैरोबाट रातोमा परिणत हुन्छ । जब हामी बाहिरी हस्तक्षेपका रूपमा सामाजिक दुरी कायम राख्छौं र संक्रमित व्यक्तिलाई अरूको सम्पर्कबाट अलग्याउँछौं, तब खैरो र रातो थोप्लोबीच दुरी घट्दै जान्छ । यसले ग्राफिक्समा रातो थोप्लो बढ्ने क्रम कम हुँदै जान्छ ।

यो कुनै पनि समुदायबीच कसरी भाइरस संक्रमण फैलिन्छ भनेर हेर्ने एउटा तरिका हो । तर, यति मात्र हेराइले हामी समस्याको जडसम्म पुग्न सक्दैनौं ।

म पेसाले डाक्टर हुँ। मैले भाइरल प्रतिरोधात्मक क्षमतामा तालिम लिएको छु। मभित्र चिकित्सा क्षेत्रमा अनुसन्धान गर्ने हुटहुटी छ ।

एक डाक्टर र मेडिकल अनुसन्धाताका रूपमा रातो थोप्लोले खैरो थोप्लोलाई छुनेबित्तिकै खैरो पनि रातोमा परिणत भएको विवरणभन्दा त्यो प्रत्येक रातो थोप्लोभित्र के चल्दैछ भन्ने मलाई जान्नुछ । त्यो रातो थोप्लोभित्र भाइरसको मात्रा कति छ ? त्यसभित्र भाइरस कुन रफ्तारमा बढ्दैछ ? ऊ खैरो थोप्लोसँग कति बेर सम्पर्कमा आउँदा भाइरस सर्ने सम्भावना कति हुन्छ ? रातो थोप्लो कति बेर रातो रहिरहन्छ, अर्थात् संक्रमित व्यक्ति कति बेर सम्म संक्रमित रहन्छ? र, प्रत्येक बिरामीपिच्छे भाइरसको प्रभाव कस्तो हुँदै जान्छ ?

एचआइभी एड्स, सार्स, ठेउला लगायतमा भाइरसको प्रकृति विश्लेषण गरिएका छन्। सन् १९९० दशकमा अनुसन्धाताहरूले एचआइभी संक्रमित बिरामीको रगतमा भाइरसको संख्या नाप्ने विधि पत्ता लगाएका थिए । यसबाट एचआइभी भाइरसको विशिष्ट गुण हामीले थाहा पायौं।

संक्रमणपछि बिरामीको रगतमा भाइरसको संख्या द्रुत गतिले बढ्न थाल्छ । यो संख्या जति धेरै भयो, बिरामीलाई भाइरसको मार खप्न उति गाह्रो हुन्छ। ऊ सिकिस्त हुँदै जान्छ। तर, जसरी मान्छेको उचाइ कुनै एउटा निश्चित विन्दुमा पुगेपछि रोकिन्छ, त्यस्तै द्रुत गतिले बढेको भाइरस संख्या पनि कुनै एउटा विन्दुमा पुगेर स्थिर हुन्छ। मान्छेको उचाइजस्तै यो स्थिर विन्दु बिरामीअनुसार फरक पर्छ ।

मानौं, कुनै बिरामीमा यो स्थिर विन्दु निकै माथि पुग्यो भने उसको रोग प्रतिरोधात्मक क्षमतामा छिट्टै ह्रास आउँछ। ऊ भाइरस संक्रमण भएको कम समयमै 'एचआइभी-एड्स' ले निकै ग्रसित हुन्छ। कसैको त कम समयमै मृत्युसम्म हुन सक्छ । कुनै बिरामीमा भाइरसको स्थिर विन्दु कममै सीमित रह्यो भने, उसको प्रतिरोधात्मक क्षमता घट्न समय लाग्छ। त्यस्ता बिरामी लामो समयसम्म रोगले थला पर्दैनन् ।

भाइरसको यो प्रकृतिले हामीलाई एचआइभी-एड्सको जोखिम र निवारणका उपायको ज्ञान दियो।

भाइरसको आनीबानी फरक हुन्छ । एचआइभीको आनीबानी सार्ससँग

वांकी पेज ५ मा...

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## पहिचान, उत्थान आर विकासके लेल मगही भाषा पृष्ठ

# पिछड़ावर्ग मे विहा संस्कार आर विधी

**गतांकको वांकी**

३. विहाके लेल लड्का-लड्कीके लत्ता कपडा खरिदारी : विहाके दिन तय भलाके वाद एगो महत्व पूर्ण काम हैं । विहाके दिन लड्का-लड्कीके लगवै वाला लत्ता कपडाके खरिदारी इ कपडा खरीदारीमे विहाके दिन लड्का के लगवैवाला धोती, गन्जी, तौलिया, कटु, छाता, कुर्ता, पैजामा, सट-पेन्ट, चुत्ता-मौजा, चादर, किनल जाय है लेकिन ऐखनका आधुनिक समयमे लड्के लेल सुट सेट, शेर्वानी, सेहो अनिवार्य खरिदाल दाजय हैं । उ खरिदारीमे लड्काके वहोनाई आर साथी भाई सहो रहै हैं। वहीना लड्कीके समान खरिदारीमे साडी, साया, ब्लाउज, सोना-चांदीके अपन शक्ति अनुसार गरगहना किनल जाय हैं। एखैनका आधुनकि युगमे कनियाके लेले गौन, लेहगा, चुनरी लगायतके समान खरिद करल जाय है। लड्कीयोके साथमे लड्कीके वहनोइ आर सखी सव सेहो संगमे रहै है। इ खरिदारीमे लड्काके समान सवेके पैसा लड्कीवाला तिर है त लड्कीके समान खरीदारीमे लड्कावाला पैसा तिर है । ऐकर मख्य उदेश्य दोनो परिवार के मेलमिला प्रगाढ होना है आर दोनो परिवारके बुझै सम्झैके मौका मिलैके साथे दोनो परिवारके नजदिकी वढावके लेल मदत करै है ।

४. मटकोर/माटो लावैवाला काम/दुबरी नेतैवाला काम : विहा हुवैवाला लड्का आर लड्की मटकोर सेही परिवारके नियन्त्रणमे रहहै । लड्का आर लड्की अपन-अपन घरमे संयम आर परिवारके नियन्त्रणमे रह पडै हैं । मटकोरके लेल कुछ महिला सव अपन-अपन परापरा अनुसारके लोक गीत गावैत समुहमे विध करैवाला महिला माथामे सुप्पा, ढगरा राइखके धोतीवाला कपडा से झैपके नदी, पोखरी, आर ढेपावाल खेतमे जाक धर्तीके चामल, सुन्दर, भिजायल बदाम, पिठार से पूजा कैरके पस्नी वा कोदारी लक एके हात से कोइडके घर लाव है । वही माइट पुजाके कलशके निचामे दिल जाय है आर बचल माईट से कशा भुजैल चुल्हा वनावल जाय है। मटकरको के दिन लड्का आर लड्कीके नदी, इनार, पोखैर, कल लगायतके स्थानमे स्थान सेहो करै पडै है । वहीना दुवरीवाला माइट खुइनके सेहो लाइवके पोखरी खुनाईवाला जगहमे राखल जाय है ।

५. सत्यनारायण पूजा : विहाके एक दिन पहिले साँझमे लड्का आर लड्की वाला अपन-अपन घरमे पण्डितके द्वारा विधी-विधान सम्वत सत्यनारायण भगवानके पूजा कैरके भगतै गावल जाय है आर अपन कुल देवताके सेहो पूजापाठ करलाके वाद लड्का-लड्कीके विहाके लेल अन्य विधीसव शुरुवात करल जाय हैं जेकरा कुमरम सेहो कहल जाय हैं।

६. कलाइ फोडैवाला विधी : सत्यनारायण पूजाके वाद लड्का आर लड्की दोनो के घरमे वहे दिन विहानके समयमे लड्काके वैठाके चारो तरफसे बहिन आर अन्य सवासीन सव घेरके लोक गीत गाईते कलाई पिढीयामे रैखके लोढी लके कलाईके फोडल जाय हैं और उ फोडल कलाइ माइटके वर्तन (सरई) मे रैखके उ वर्तन बासंके सुपामे रैखके उ सुपामे केला, धान, पानके पात लगायतके सामग्री दोसर विधीके लेल तयार करल जाय हैं ।

७. हरदी लगाय : लड्का आर लड्की दोनो के हरदी लगवैवाला रशम सेहो करल जाय है इ रशमे हल्दी पिसके विधी विधानके अनुसार आशिर्वादके रुपमे समाजके बड बुजरुक, माता-पिता, काका-काकी, भाय-भौजाय आर वहिन सव गालमे लगावैके चलन है ।

८. कासा/लाबा भूजाय : मटकोर मे कोडल माईटके चुल्हीमे कासा आर लाबा भूजल जय है । काशा आर लावा भूजैल माइटके नयां वर्तन आर आमके कच्चा ठाइरसव के प्रयोग करल जाय है । कासा आ लाबा भूजैवाला काम बहीन आर भौजाइ सव नयां बस्त्र लगाके करै है । उ समयमे लड्का आर लड्कीके साथमे वहोनाई आर साथी भाई सहो रहै है। भुजल कासाके उखरीमे कटल जाय हैं । उ समयमे मजाके रुपमे रंग सेहो खेलल जाय है ।

९. ग्राम थान पूजा : लड्का आर लड्की के अपन-अपन गाउंके नजदिक मे रहल ग्राम थान मे लड्का आर लड्कीके साथमे वहिन सव आर गाउंघरके साथी-संगीनी जाक ग्राम देवताके कासा, सिन्दर, पान, सुपाडी, अगरवती लक पूजापाठ करल जाय है । जेकरासे अपन ग्राम देवताके आशिर्वाद से विहा निक से सम्पन्न होयके जनविश्वास है। थान पूजा करलाके वाद विहामे कोना व्याधान नै आवैके सेहो जनविश्वास है ।

१०. आम गाछीके पूजा : थानपूजाके वाद आपके गाछीके भी तेल, सिन्दर, कासा, पान, सुपाडी, लगायतके सामग्र लके पूजा-पाठ कैरके आप गाछके धागासे पांच वेर घेरल जाय है । आम गाछीके पूजाके समयमे सेहो लोक गीत सव गावल जाय है ।

११. पाइन भराई : पाइनके स्रो कहल जायत नदी, पोखरी, इनार आर कल मध्ये कोनो एक जगह जायके पानीके स्रोतके केला, सिन्दर, चामल, पान, सुपाडी, लगायत सामग्री से पूजा-पाठ कैरके दुलहाके वहोनाई अर्थात लोकनियासे पानी भराईल जाय हैं। उ पानी पूजाके लेल प्रयोग करल जाय है । वहीना माइटके भी पूजा कैरके लोकनीया एक हात से कोदाइर पकैडके एके वेरमे खुनल पाटी सेहो पूजाके लेल माइट उखाडल जाय है ।

१२. पोखर खुनाय : लड्के के घरके ऐगनामे पोखर खोनायके सेहो विधी होय है। अपन ऐगनामे कोनो जगह जमिनके पूजा-पाठ कैरके हर जोतैवाला पालमे वहोनोइके वैठाके पस्नीसे पोखर खुनायल जाय हैं ।

१३. सुहाग : पोखर खुनायलके वाद वहे जगह पर लड्काके पानीसे नहाके पूजा-पाठ कैरके पूजामे प्रयोग भेल धोतीके कुनामे सुपाडी वाइधके वहे कपडासे अपनसे जेठ लोगसव गालमे छुवाके सुहाग लेल जाय हैं। एहो एक प्रकारके विहाके सफल जीवनके आशिर्वाद मानल जाया हैं। वहे जगह पर लड्काके तेल लगाके नुहावल जाय हैं।

१४. विहाके लेल वराती जायके तयारी : इ विभिन्न विधी पारकर लाके वाद लड्काके नया बस्त्र और मौर लगाके विहाके लेल सामग्री सव डलामे राखल जाय है आर लड्की लेल लत्ता कपडा, सिगार पटारके सामग्री, मिठाई, फलफूल, सहित विहाके लेल अपन कुल देवताके आशिर्वाद आर वड बुजरुक के सेहो आशिर्वाद लके लड्के माई दुध आर केला खुवाके विहाके लेल लड्कीके घर प्रस्थान करल जाय हैं । जेकरा हम सव बरीयाती प्रस्थान सेहो कहै छिय। लड्का वाला वहुत महत्व आर विधी विधानके, खुशीयालीके साथ बरातके संग पहिलका समयमे ढोल, वाजा, पिपही, पालकी, सहित लड्कीके घर जायत है। लेकिन ऐखैनिका आधुनिक समयमे व्याण्ड बाजा, डिजे, सहित वरियाती जायवला लोग सव भी नयां-नयां बस्त्र लगाके उपलब्ध सवारी साधन लक लड्कीके घर जायल जय हैं ।

१५. विहा के लेल मडुवा (मण्डप) सजावट : विहाके लेल लड्का के जैसन ही लड्कीयो के घरमे विधी विधान होय है। एगो चिज मात्र लड्के घरमे नय होयके लड्कीके घरमे मात्रे वनावल जाय है । जेकरा हम सव मडुवा कहैछिय । मडुवा लड्कीके घरके बिच आगनमे मडुवा वनावल जाय हैं। मडुवाके लेल बाँस, बाँसके वत्ती, खर (पराल) नयां माइट लगायतके सामग्री प्रयोग कैरके मडुवा वनावल जाय है । मडुवाके कागजके फूल पत्ती, ध्वाजा, पातका लगाइतके सामग्रीसे रंगी चंगी वनावल जाय है मडुवा ऐना आकर्षक वनावल जाय है कि विहामे आइल जते भी महिमान है सव अनिवार्य रुपसे एक वेर मडुवाके दर्शन करवे करहै। उ मडुवामे विहाभेल महिला सव लोक गीत गावैत शुद्ध जगहसे माइट लाके मडुवाके जमिन बनावल जाय है । मडुवाके लेल निश्चित नाप है५/७/११/१३ हातके नाइपके वनावल जाय है । मडुवाके शुद्ध करैके लेल गोवर से लिपपोत कैरके वहे वडुवामे लड्का-लड्कीके विहाके विधी विधान कैरके विहा सम्पन्न करल जाय है ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


## मगही भाषा के कविता

### भ्रष्टाचार

संसारमे देखु टपैक रहल हय
दुनियना भरमे लोल ।
अहु बेर उब्जत देखु,
हमरा खेतमे बरका बरका ओल-२
सब साल जका अहु सालमे
जनताके ठकलेल ओरने छि नयाँ-नयाँ खोल ।
चार साल त रउदी परल मुदा
पाँच सालमे उब्जल साइजक ओल-२
खाइमे हमरा कब कब
लगइत रहैय, अपना खेतक ओल ।
कुर्ता सुरबाल बन्डी पहिर,
भोट मागलेल आउत भकलोल-२
चुनाव जिते सबनेतामिल
जनताके बजबैया ढोल ।
अइबेर रउदी कम भगेल,
उब्जल बरका बरका ओल-२
नेताके नामसे नेत खराब
लोक बुझैय नै छै अब मोल ।
अहूबेरक किसानीमे,
उब्जल बरका बरका ओली-२

**फुलगेन महतो**


## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**
- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**
गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**
- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

धनपालथान गाउँपालिकाको कार्यालय मोरंग



## खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# कोशी अस्पतालको आइसोलेशनमा रहेको व्यक्तिलाई अमानविय व्यवहार

विराटनगर । कोरोना भाइरस संक्रमणको आशंकामा विराटनगर स्थित कोशी अस्पतालको आइसोलेसनमा उपचार र निगरानीका लागि राखिएकाहरुले आइसोलेसनमा अमानविय व्यवहार भइरहेको गुनासो गरेका छन् ।

अस्पतालको आइसोलेसनमा अहिले तीन जना राखिएको छ । यस अघि राखिएका ६ जना कोरोना संक्रमण नदेखिएपछि घर फर्किएका छन् । दुई दिनको बसाईपछि आइसोलेसनबाट घर जाने विदा पाएर निस्किएका सप्तरी सुरुङ्गाका २४ वर्षीय एक युवाले त्यहाँको व्यवहार कहालीलाग्दो भएको सुनाए । चैत ७ गते कतारबाट फर्किएका उनी सामान्य ज्वरो देखिएपछि आइसोलेसनमा भर्ना भएका थिए ।

उनको शरीर भरी मच्छरले टोकेका डामहरु थिए । अनुहार सुन्निएको थियो । समस्या ठीक गर्न ल्याएको आइसोलेसनको बसाईपछि स्वास्थ्यमा अरु समस्या थपिएको उनको गुनासो छ । आइसोलेसन बेडमा रातभर मच्छरले टोकेर बस्न सक्ने अवस्था नभएको उनले बताए । उनकाअनुसार भोक र तिर्खा लागेका बेला खान र पानी समेत पाइँदैन । 'बिहान ७ बजे पानी माग्यो भने दिउँसो ३ बजे ल्याइदिन्थे ।

खानेकुरा पनि कुकुरलाई जस्तो परैबाट फ्यालिदिन्थे,' उनले भने, 'कोही छेउ नपर्ने र रेखदेख गर्न पनि कोही आउँदैन थिए । आइसोलेसनमा साह्रै अमानविय व्यवहार भयो ।' विश्वभर कोरोना भाइरसको त्रास फैलिएका बेला बिरामीलाई उपचार गराउनका लागि भनेर तयार पारिएको आइसोलेसन वार्ड भित्र यातनास्थलमा जस्तो व्यवहार भएको गुनासो उनको छ ।

उनले स्वाब परीक्षणका लागि नमुना संकलन गर्दा चिकित्सक छेउमा आए पनि त्यस बाहेक चिकित्सक र स्वास्थ्यकर्मीलाई आफूले नदेखेको बताए । कोशी अस्पतालमा मात्रै हैन मोरङमा आइसोलेसन भनेर तयार गरिएका सबै वार्डको अवस्था उस्तै रहेको उपभोक्ता अधिकारकर्मी उत्तम ढुंगेलको भनाइ छ ।

मोरङमा पथरीशनिश्चरेमा १०, सुन्दरहरैंचा नगरपालिकामा दुई, ग्रामथान गाउँपालिकामा चार, गोठगाउँस्थित पूर्वाञ्चल विश्वविद्यायमा १५, मंगलबारे अस्पतालमा १५, कोशी अस्पतालमा छ वटा, हाम्रो अस्पतालमा पाँच, सुरक्षा अस्पतालमा पाँच र विराट नर्सिङ होममा १२ वटा गरेर ८४ वटा आइसोलेसन बेड तयार गरिएका छन् ।

ढुंगेलले कोरोनाको आशंकामा आइसोलेसनमा राख्ने नाममा मान्छेलाई अनआवश्यक दुःख दिने र अप्ठेरोमा पार्ने काम भइरहेको बताउनु भयो । मानव अधिकारका कुरा पनि जोडिने भएकाले आइसोलेसनमा राज्यले तोकेको न्यूनतम मापदण्ड अनुसार सेवा सुविधा उपलब्ध गराउनै पर्ने ढुंगेलको भनाइ छ । उपचार गराउने नाममा आइसोलेसन भन्दै बन्धक बनाएर मानसिक यातना दिँदै मान्छेमा थप समस्या निम्त्याउने गतिविधी भइरहेको उहाँले बताउनु भयो ।

प्रदेश १ को सामाजिक विकास मन्त्रालयको निगरानी प्रतिवेदन तथा अनुगमन समितिका संयोजक एवं स्वास्थ्य कार्यालय मोरङका प्रमुख ज्ञानबहादुर बस्नेतले एक सय दशमलव ४ डिग्री भन्दामाथि ज्वरो आएका, थकाई लागिरहने लगायत कोरोनाको लक्षण देखिएका शंकास्पद बिरामीलाई आइसोलेसनमा राखिने बताउनु भयो । त्यसपछि परीक्षणबाट मात्रै उनीहरुमा कोरोना भए नभएको पुष्टि हुने र उपचार पनि थालिने उहाँको भनाइ छ ।

उहाँकाअनुसार फ्रण्ट लाइनमा स्वास्थ्यकर्मीको ड्युटी डेक्स हुनु पर्ने, एउटादेखि अर्को बेडको दूरी दुई मिटर, भिन्दाभिन्दै बिरामीलाई राख्न छुट्टाछुट्टै बेड, प्रत्येकलाई छुट्टै बाथरुम, सौचालय, साबुन र सेनिटाइजरको व्यवस्था, खाना, पानी र सुरक्षाको उचित प्रबन्ध एवं उपचार र ल्याब परीक्षणको व्यवस्था आइसोलेनसको मापदण्डभित्र पर्छन् ।

तर मापदण्डअनुसार आइसोलेसन सञ्चालन नभएको गुनासो आएकाले तत्काल अनुगमन गरिने उहाँको भनाइ छ । अस्पतालकी निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. संगीता मिश्राले भने गैरजिम्मेवारीपूर्ण जवाफ दिनु भयो । 'मेरो घरमा पनि मच्छर छ । मलाई पनि टोक्छ, मैले के गरौं ? उहाँले भन्नु भयो । डा. मिश्राले कोही कसैको सहयोग नपाएको अवस्थामा आइसोलेसनलाई व्यवस्थित गर्ने प्रयास भइरहँदा नकारात्मक टिकाटिप्पणी भइरहेको भन्दै आक्रोस पोख्नु भयो ।

# माडवारी समाजद्धारा पांच सय राहत प्याकेट हस्तान्तरण

विराटनगर । कोरोना भाइरसका कारण नेपाल सरकारले गरेको लकडाउनको समायमा दैनिक ज्यालादारी गर्ने मजदुर गरीब, असाहयलाई राहत स्वरुप खाद्ययान वितरण गरी दिने भनेर मारवाडी समाज विराटनगरले महानगरपालिकालाई ६ लाख र कम वरावरको खाद्ययान सामग्री हस्तान्तरण गरेको छ ।

मारवाडी युवामन्च विराटनगरका अधयक्ष युवा समाजसेवी गोपाल अग्रवाल र ४१ क्लबका अधयक्ष उघोगी सुरेन्द्र गोल्छा ले शनिवार विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीलाई ५ सय प्याकेट खाद्यान सामगी हस्तान्तरण गरेको छ ।

राहत सामग्रीमा १० केजी चामल, २ केजी दाल, ३ केजी आलु, २ केजी चिउरा, १ लिटर तोरी तेल, १ केजी नुन सहित विस्कुट तथ सावुन गरेर २० के जी को ५ सय राहत प्याकेट विराटनगर महानगर पालिकालाई प्रदान गरेका छ । उक्त राहत सामग्री महानगरपालिकाले नगरवासीलाई वितरण गरिने भएको छ । ।

राहत हस्तान्तरण समारोहमा मोहनलाल शर्मा, भिखमचन्द सरल, नन्दकिशोर राठी तिनपेनी, शिवरतन जोशी, राजेश लखोटिया, अरुण खेतान, जितेन्द्र गोल्छा, जय शर्मा, मोहित लालवानी लगायत मारवाडी समाजका अग्रजहरुको सहभागिता थियो ।

कोरोना महामारीका लागि राहत सामगी जुटाउन मारवाडी समाजले महत्वपुर्न भुमिका निर्वाह गरेको छ ।

# गुद्री बजार खाली गर्न जिल्ला प्रशासनको चेतावनी

विराटनगर । कोरोना भाइरसको संक्रमणवाट बच्न देश भरी गरिएको लकडाउनको वेला पनि गुद्री वजारमा भिडभाड देखिएकोले जिल्ला प्रशासन कार्यालय मोरंगले गद्री बजार खाली गर्न चेतावनी दिएको छ ।

देशभरी लकडाउन रहेको समयमा विराटनगर महानगर पालिकाले पनि चैत ११ गते देखि लकडाउन लागू गरेपछि गुद्री वजार भित्र तरकारी विक्री वितरणमा रोक लगाईएको थियो । तर गुद्री वजारभित्र रहेको आल-प्याज, हरियो सांग सब्जी विक्री वितरण गरी रहेकोमा भिडभाडि देखिएकोले क थोक विक्रेता आज सम्म वजार खाली गर्न शनिवार मोरङ प्रसासनले चेतावनी दिएको दिई सकेको छ ।

मोरङका प्रमुख जिल्ला अधिकारी मदन भुजेलले, विराटनगर महानगर पालिकाका मेयर भीम पराजुलीलाई समेतले आलु-प्याजका थोक विक्रेता पशुपति भगतलाई आईतवार सम्म गुद्री खाली गर्न चेतावनी दिएको छ । सोमवार देखि विराटनगर वसपार्क पछाडी नागेस कोईरालाको जग्गामा तरकारी वजार लाग्ने भएका छ ।

# नोबेलका सबै स्वास्थ्य कर्मीहरुलाई पपीई

बिराटनगर । बिराटनगरस्थित नोबेल शिक्षण अस्पतालले उपचारमा खटिने आफ्ना सबै स्वास्थ्यकर्मीलाई व्यक्तिगत सुरक्षा सामाग्री (पीपीई) को व्यवस्था मिलाएको छ । विश्वभर फैलिरहेको कोरोना भाइरसको संक्रमणबाट स्वास्थ्यकर्मीलाई जोगाउन र स्वास्थ्यकर्मीबाट बिरामीमा संक्रमण फैलन नदिन अस्पताल प्रशासनले सबै स्वास्थ्यकर्मीलाई पीपीईको व्यवस्था मिलाएको छ ।



उपचारमा खटिने सबै डाक्टर, नर्स र स्वास्थ्य प्राबिधिकहरुलाई पीपीई उपलब्ध गराईएको अस्पताल सञ्चालक डा.सुनिल शर्माले जानकारी दिए छ । 'बिरामीको उपचारमा अहोरात्र खटिने स्वास्थ्यकर्मीहरु संक्रमणको जोखिममा हुने र स्वास्थ्यकर्मीबाट पनि बिरामीमा संक्रमण फैलन सक्ने हुँनाले जोखिम न्यूनिकरणका लागि पीपीईको व्यवस्था मिलाएका छ ।' डा. शर्माले भने 'तत्कालका लागि २ सय २५ थान पीपीई ल्याएको वताए ।

सरकारले सरकारी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई समेत पर्याप्त पीपीई उपलब्ध गराउँन नसकिरहेका बेला नोबेलले आफै ठूलो रकम खर्चेर स्वास्थ्यकर्मीलाई पीपीईको व्यवस्था मिलाएको छ । उपचारमा खटिने सबै स्वास्थ्यकर्मीलाई स्वास्थ्य सुरक्षाकवज उपलब्ध गराउने नोबेल पूर्वी नेपालको पहिलो अस्पताल भएको छ । मुलुकमा कोरोना संक्रमित बिरामीको संख्या बृद्धि भएर जोखिम बढ्दै गएको अवस्थामा सबै स्वास्थ्यकर्मीले पीपीई लगाएर उपचारमा खटिन पाउँदा जोखिम न्यूनिकरण भई आत्मावल बढेको नोबेलको आकस्मिक कक्षका इन्चार्ज डा.अमित अग्रहरी बताउँछन् ।

बिभिन्न देशमा उपचारमा खटिएका स्वास्थ्यकर्मीनै कोरोना संक्रमित भई ज्यान गुमाइरहेका छन् । यस्तो अवस्थामा निजी क्षेत्रबाट सञ्चालित नोबेल अस्पतालले स्वास्थ्यकर्मीलाई पीपीई उपलब्ध गराए पछि स्वास्थ्यकर्मीले पनि सुरक्षित महसुस गरेका छन

त्यस्तैगरी नोबेलले उच्च ज्वरो आएका तथा कोरोना संक्रमणको लक्षण देखिएका बिरामीको परिक्षणका लागि आर्कस्मिक कक्ष नजिक बेग्लै उपचार कक्ष पनि निर्माण गरेको छ ।

**सिप सिकौं पुनर्निर्माणमा योगदान गरौं**
१२
राष्ट्रिय पुननिर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघ/संस्थाले गाउा-गाउामा डकर्मी, सिकर्मी तालिम दिई रहेका छन् । त्यस्ता तालिममा सहभागी भई सिप सिकौं पुनर्निर्माणमा योगदान गरौं । जीविकोपार्जनमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
सुचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## कोरोना...

मिल्दैन, सार्सको कोभिड-१९ सँग मिल्दैन। एचआइभी भाइरसले सिधै बिरामीको रोग प्रतिरोधात्मक क्षमतामा हिर्काउँछ, जसले संक्रमणको असर जटिल हुँदै जान्छ। अन्य भाइरसले पनि केही न केही मात्रामा यो असर देखाउँछ।

हाम्रो रोग प्रतिरोधात्मक शक्तिले भाइरसको वृद्धिसँग जुध्ने र परास्त गर्ने क्षमता देखायो भने भाइरसको संख्या त्यति धेरै बढ्न पाउँदैन। यसले संक्रमणको असर बल्झिँदैन। जो व्यक्ति सुरूमा कम भाइरसको सम्पर्कमा आउँछ, उसलाई संक्रमणले आक्रान्त बनाउने जोखिम कम हुन सक्छ। त्यस्तो व्यक्तिमा भाइरसको संख्या उच्च गतिले बढ्न पाउँदैन।

यसविपरीत, तपाईं धेरै भाइरसको सम्पर्कमा आउनुभयो भने, त्यो भाइरस शरीरभित्र प्रवेश गरिसकेपछि उच्च गतिमा बढ्न थाल्छ। तपाईंको प्रतिरोधात्मक क्षमताले त्योसँग लड्न-भिड्न सक्दैन। तपाईंलाई संक्रमणले छिट्टै आक्रान्त बनाउँछ।

अमेरिकाको फ्रेड हट्चिन्सन क्यान्सर रिसर्च सेन्टर र युनिभर्सिटी अफ वासिङ्टनले भाइरससँग सम्पर्क र त्यसले सिर्जना गर्ने महामारीको सम्बन्धबारे अनुसन्धान गरेको थियो। सन् २०१८ मा सरुवारोग विशेषज्ञ ब्रायन मेयर उक्त अनुसन्धान टोलीमा सामेल हुन पुगे। मध्य-तीस वर्ष उमेरका मेयर सुस्तरी बोल्छन, तर प्रस्ट बोल्छन्। उनी एक-एक शब्द तौलेर प्रयोग गर्छन्। लामो-लामो वाक्य विस्तारै भन्छन्।

'कुनै पनि रोग फैलिँदा भाइरसको सुरूआती संख्या पत्ता लगाउन असम्भवजस्तै हुन्छ, किनभने संक्रमण हुनु अघिसम्म तपाईंलाई त्यसबारे थाहै हुँदैन। तपाईंले थाहा पाउँदासम्म ऊ भाइरसबाट संक्रमित भइसकेको हुन्छ,' उनले मसँग भने।

उनले यसलाई गाडीको 'रिअर-भ्यू' ऐनासँग दाँजे। चालकले दायाँ-बायाँबाट कुनै अर्को गाडी आइरहेको छ कि छैन भनेर 'रिअर-भ्यू' मा हेर्न सक्छ। तर, जति बेला अर्को गाडी ऐनानजिक देखिन्छ, त्यति बेलासम्म त्यो एकदमै नजिक आइसकेको हुन्छ।

भाइरस संक्रमण पनि त्यस्तै हो, उनले भने, 'जब कुनै व्यक्ति बिरामी भएर हाम्रो अगाडि आइपुग्छ, तबसम्म उसले संक्रमण सार्ने जोखिमपूर्ण अवधि पार गरिसकेको हुन्छ।'

यिनै अनुसन्धाताले युगान्डाको कम्पालामा एउटा फरक घटना फेला पारे। केही वर्षअघि त्यहाँ नयाँ आमाहरूको दूधबाट नवजात शिशुमा 'एचएचभी-६' भन्ने भाइरस फैलिरहेको थियो। यसले बच्चालाई ज्वरो आउनुका साथै जीउभरि राता धब्बाहरू देखा पर्थे। बालरोग विशेषज्ञ सोरेन गान्ट र उनको टिमले ती आमा र शिशुहरूको स्वास्थ्य परीक्षण गरे। लगातार एक वर्ष ती आमाको र्‍याल नमूना लिएर भाइरसको मात्रा परीक्षण गरियो।

यो परीक्षणबाट दुइटा कुरा पत्ता लाग्यो-पहिलो, आमाले एकचोटि दूध खुवाउँदा कति भाइरस बच्चामा सर्छ? र, दोस्रो, कति भाइरस शरीरमा प्रवेश गरेपछि बच्चा संक्रमणले आक्रान्त हुन्छ?

'यो तथ्यांकबाट हामीले के थाहा पायौं भने, बच्चामा जति धेरै एचएचभी-६ भाइरस सर्छ, उसमा संक्रमणको असर उति धेरै देखिन्छ,' सरुवारोग विशेषज्ञ मेयरले भने।

उनले यो पनि भने, 'धेरै भाइरस सरेको छ भने तपाईंले तुलनात्मक रूपमा धेरै मान्छेलाई संक्रमण गराउन सक्नुहुन्छ।'

यसमा अर्को पक्ष पनि छ- भाइरस बोकेर हिँड्ने मान्छेको प्रतिरोधात्मक क्षमताले पार्ने असर। भाइरसको आक्रमण र प्रतिरोधात्मक क्षमताको प्रत्याक्रमण दुई विपरीत शक्ति हुन्। सन् १९०० दशकका रुसी विशेषज्ञ इल्या मेट्नीकफले यसलाई मानव शरीरभित्रको 'संघर्ष' भनेका छन्। उनी जीवाणु र मान्छेको प्रतिरोधात्मक क्षमतालाई सदियौंदेखि जारी लडाइँका रूपमा वर्णन गर्छन्।

यसले दोस्रो प्रश्न खडा गर्छ-के धेरै भाइरस शरीरमा छिर्‍यो भने शरीर त्यति धेरै आक्रान्त हुन्छ?

यो प्रश्नमा चर्चा गर्नुअघि ३३ वर्षीय चिनियाँ आँखारोग विशेषज्ञ ली वेनलियाङको तस्बिर सम्झौं। कोरोना भाइरस संक्रमणले अन्तिम अवस्थामा पुगेका उनको अनुहार मृत्युअघि गाढा रातो भएको थियो। उनको शरीरबाट चिटचिट पसिना आइरहेको थियो। उनलाई मास्कभित्र सास फेर्न मुश्किल भइरहेको थियो।

कोरोना संक्रमणले नै वुहानको जियाङबेई अस्पतालका २९ वर्षीया डाक्टर जिया सिसीको पनि असामयिक निधन भयो। उनको दुईवर्षे बच्चा थियो। टाइम्समा प्रकाशित समाचार अनुसार डाक्टर जियालाई 'सिचुआन हटपट' खान खुब मन पर्थ्यो।

वुहानकै २९ वर्षीया नर्स पनि कोरोना संक्रमणले यति ग्रस्त भइन, अन्तिम समयमा उनको होसहवास हराएको थियो। उनले भनेकी थिइन, 'मलाई मृत्युको धारमा हिँडेजस्तो लाग्दैछ।'

बीस र तीस दशक उमेरका यी चिनियाँ स्वास्थ्यकर्मीलाई जब कोरोना भाइरसले आक्रमण गर्‍यो, त्यसको असर सामान्य रुघाखोकीमा सीमित रहेन। उनीहरूमा भाइरसले गम्भीर लक्षण देखायो र ज्यानै लियो। यसको मतलब, के यी स्वास्थ्यकर्मी धेरै भाइरसको सम्पर्कमा आएर यतिविधि आक्रान्त भएका थिए?

अमेरिकामा पनि यस्तै स्थिति देखिन्छ। त्यहाँ कम्तिमा दुई जना इमर्जेन्सी डाक्टर, जो यो महामारी विरुद्ध अग्रपंक्तिमा लडिरहेका थिए, उनीहरू दुवै गम्भीर बिरामी भए। दुवै ४० वर्ष उमेरका थिए।

उता, वुहान र इटालीबाट प्राप्त तथ्यांकलाई आधार मान्ने हो भने, त्यहाँ स्वास्थ्यकर्मीहरूको मृत्युदर खासै धेरै छैन। तर, जो-जो मारिए, के उनीहरूमा संक्रमणको असर निकै गम्भीर थियो?

'वृद्धावस्थाका व्यक्तिहरूमा मृत्युदर धेरै छ भन्ने हामीलाई थाहा छ,' बेयलर कलेज अफ मेडिसिनका सरुवारोग विशेषज्ञ पिटर होटेजले सिएनएनलाई भनेका थिए, 'तर अचम्मलाग्दो कुरा, बिरामीसँग प्रत्यक्ष सम्पर्कमा रहेर उपचार गर्ने युवा स्वास्थ्यकर्मीहरूमा भने यसको गम्भीर असर देखिएको छ। हामीले यसको कारण बुझेका छैनौं।'

यो अवस्था बुझ्न हामी इन्फ्लुएन्जा भाइरसमा गरिएको एक अनुसन्धानलाई आधारका रूपमा लिन सक्छौं।

जनावरमा गरिएको उक्त अनुसन्धानले जति धेरै भाइरस सर्‍या, संक्रमणको असर उति धेरै हुने देखाएको थियो। वैज्ञानिकहरूले केही खास किसिमका इन्फ्लुएन्जा भाइरसबाट मुसालाई संक्रमित गराएका थिए। जुन मुसामा धेरै भाइरस सारियो, उसमा रोगको लक्षण एकदमै धेरै देखियो।

सबै किसिमका भाइरसमा यो असर समान छैन। निमोनिया गराउने भाइरसको संख्या र रोगको लक्षण दाँज्दा साना केटाकेटीहरूमा उल्टो नतिजा आयो। जबकि, अर्को एउटा अध्ययनले नवजात शिशुहरूमा भाइरसको संख्या जति धेरै भयो, लक्षण उति गहिरो हुने देखाएको थियो।

कोरोना भाइरसले देखाउने प्रतिक्रियाबारे हामीलाई जे-जति थाहा छ, त्यस आधारमा भन्दा यसको असर इन्फ्लुएन्जा भाइरससँग मिल्दोजुल्दो देखिन्छ।

अहिले जुन कोरोना भाइरसले कोभिड-१९ भन्ने महामारी फैलाइरहेको छ, सन् २००४ मा यही जातको भाइरसले सार्स फैलाएको थियो। त्यति बेला हङकङको एउटा टिमले बिरामीको घाँटीभित्र भाइरसको संख्या कति छ भनी परीक्षण गरेको थियो। भाइरस धेरै भएका बिरामीमा श्वासप्रश्वासको समस्या उति चर्को पाइयो। जसको घाँटीभित्र भाइरसको मात्रा कम पाइयो, ती सबैजसो बिरामीमा खासै गम्भीर लक्षण थिएन।

उनीहरूलाई दुई महिनाको फलोअपमा राखियो। ती सबै अहिले पनि जीवित छन्। जबकि, भाइरसको संख्या उच्च रहेका बिरामीको मृत्युदर २० देखि ४० प्रतिशत थियो। सबै उमेर समूहका बिरामीमा यही नतिजा देखिएको अनुसन्धान टिमले जनाएको छ।

यति मात्र होइन, 'क्रिमियन कंगो हेमोरेजिक फिभर' भनिने अर्को गम्भीर भाइरल रोगको असर पनि यस्तै रहेको अनुसन्धानले देखाएको छ। यो अनुसन्धानको निष्कर्ष छ-मान्छे सुरूमा जति धेरै भाइरसको सम्पर्कमा आउँछ, उसको मृत्युको सम्भावना उति बढी हुन्छ।

दादुरा रोगमा गरिएको अनुसन्धानले यसलाई अझ प्रस्ट पार्छ।

'दादुरा र कोभिड-१९ भनेका दुई भिन्न रोग हुन्। यी रोग सल्काउने भाइरस फरक छन्। बिरामीमा देखिने लक्षण पनि फरक छ,' नेदरल्यान्ड्सको इरासमस विश्वविद्यालयका भाइरल विशेषज्ञ रिक डे स्वार्टले भने, 'तर दादुरामा जति धेरै भाइरससँग सम्पर्क भयो, रोग उति जटिल हुन्छ भन्ने प्रस्ट देखिएको छ।'

उनले अगाडि भने, 'भाइरस र मान्छेको प्रतिरोधात्मक क्षमताबीच आपसमा प्रतिस्पर्धा चल्दै आएको छ। भाइरस त्यस्तो ठाउँको खोजीमा हुन्छ, जहाँ उसको संख्या तीव्र गतिले बढ्न सकोस्। हाम्रो प्रतिरोधात्मक क्षमताले भाइरसलाई त्यस्तो मौका दिँदैन।'

'यो प्रतिस्पर्धामा जब मान्छे एकैचोटि धेरै भाइरसको सम्पर्कमा आउँछ, उसको प्रतिरोधात्मक क्षमता लाचार हुन्छ। उसले भाइरसको आक्रमण प्रतिरोध गर्न सक्दैन। यस्तोमा भाइरसले तीव्र गतिमा आफ्नो संख्या बढाउन थाल्छ र मान्छे संक्रमणले आक्रान्त हुन्छ,' उनले भने।

उनले आफ्नो तर्क पुष्टि गर्न सन् १९९४ को एउटा अध्ययनको निष्कर्ष विस्तार लगाए, जसमा बाँदरहरूलाई दादुरा भाइरसको विभिन्न मात्रा दिइएको थियो। यसबाट के देखियो भने, जुन बाँदरलाई उच्च मात्रामा भाइरस दिइयो, त्यो एकदमै छिटो दादुराबाट ग्रसित भयो।

मान्छेमा यसको सबभन्दा राम्रो प्रमाण उप-सहारा अफ्रिकाको अध्ययनले देखाएको थियो, रिक डे स्वार्टले भने, 'जसलाई घरभित्र भाइरस सर्छ, उसमा भाइरसको संख्या अत्यधिक हुन्छ। मानौं, एउटा बच्चा दादुराले ग्रसित छ। ऊसँग एउटै ओछ्यानमा सुत्ने आमालाई धेरै भाइरस सर्न सक्छ। ती आमा दादुराले धेरै बिरामी पर्न सक्छे। तर, त्यही बच्चालाई बाहिर सडक वा खेल मैदानबाट भाइरस सरेको हो भने उसमा भाइरसको संख्या कम हुन्छ, त्यस्तो बच्चा रोगले कम ग्रस्त हुन्छ।'

मैले भाइरल संक्रमणको यो विशेषताबारे हार्वर्ड विश्वविद्यालय का भाइरल विशेषज्ञ ड्यान बारुचसँग कुरा गरेको थिएँ। उनको प्रयोगशालाले 'सार्स-सिओभी-२' भाइरसविरुद्ध खोप बनाउने काम गरिरहेको छ। अहिले कोभिड-१९ फैलाउने भाइरस पनि यही जातको हो।

'अहिलेको हाम्रो अध्ययन भाइरसको सुरूको संख्या र पछि बिरामीको फोक्सोमा देखिने संख्याबीच के सम्बन्ध छ भनी पहिल्याउनमा केन्द्रित छ,' उनलाई यी दुईबीच गहिरो सम्बन्ध छ भन्ने विश्वास छ।

'जति धेरै भाइरससँग सम्पर्क भयो, मान्छेलाई उति धेरै रोगले आक्रान्त बनाउन सक्छ, तर अहिलेसम्म यो अनुमान मात्र हो,' उनले भने, 'यो सम्बन्धलाई हामीले ठोस रूपमा केलाउन बाँकी नै छ।'

अब तेस्रो प्रश्नबारे कुरा गरौं- भाइरसले बिरामीलाई कसरी च्यापेको छ भन्ने कुराले अरू मानिसमा सर्न सक्ने जोखिम निर्धारण गर्छ कि गर्दैन?

यसका लागि हामीलाई सार्सका बिरामीमा गणना गरिएको भाइरस संख्याको खाँचो पर्छ। एक जर्मन अध्ययनले लक्षण देखिएका वा नदेखिएका दुवैथरि व्यक्तिको र्‍याल परीक्षण गरेर भाइरसको संख्या गणना गरेको थियो। सुरूमा के पाइयो भने, रोगको लक्षण देखिएकाभन्दा नदेखिएका व्यक्तिको र्‍यालमा भाइरसको संख्या अलिकति बढी थियो।

यो नतिजाबाट सबै अचम्ममा परे। तर, त्यति बेला जम्मा सात जना बिरामीमा यो अध्ययन गरिएको थियो। अध्ययन गरिरहेको फ्रयांकफर्टस्थित इन्स्टिच्यूट अफ मेडिकल भाइरोलोजीका निर्देशक सान्द्रा सिसेकले मलाई भनिन, 'जब हामीले धेरै बिरामीमा यो परीक्षण गर्‍यौ, दुवै समूहका व्यक्ति (लक्षण देखिएका वा नदेखिएका) मा नतिजा खासै फरक आएन।'

उनका अनुसार, मान्छेको र्‍यालबाट यो सम्बन्ध छुट्ट्याउन मुश्किल पर्छ। मुखको र्‍यालमा पाइने भाइरस गणनामा अरू धेरै कुराले असर पार्छ। खासगरी त्यो र्‍यालमा कसरी निकालियो भन्ने कुराले भाइरसको मात्रा घटीबढी हुनसक्छ।

'यही परीक्षण हामीले मान्छेको रगतमा गर्‍यौ भने, रगतमा पाइने भाइरसको संख्याले यो सम्बन्ध अलि बढी पुष्टि गर्न सक्छ,' उनले भनिन्।

फ्रेड हचिन्सन सेन्टरका क्लिनिकल भाइरल विशेषज्ञ जोशुआ स्किफर 'एचएचभी-६' भाइरससम्बन्धी एक अध्ययनका उप-लेखकसमेत हुन्। उनको अध्ययनअनुसार सिंगान परीक्षणबाट श्वासप्रश्वासका भाइरसको मात्रामा बढी एकरुपता र विश्वसनीयता पाइएको छ। यसले रोगको लक्षण र रोग सार्ने जोखिम भाइरसको संख्यामा भर पर्छ भन्ने राम्ररी देखाउँछ।

हङकङ विश्वविद्यालय र नानचाङ विश्वविद्यालयका अनुसन्धाताले यही मार्चमा कोभिड-१९ का केही जटिल गम्भीर बिरामीको सिंगान, खकार र र्‍याल परीक्षण गरी भाइरसको संख्या गणना गरेका थिए। मध्यम लक्षण देखिएका बिरामीको दाँजोमा गम्भीर बिरामीमा भाइरसको संख्या औसत ६० गुणा बढी पाइएको थियो।

कोरोना भाइरसले ल्याएको यो पछिल्लो महामारी बढ्ने क्रमसँगै यसबारे बढीभन्दा बढी तथ्यांक उपलब्ध हुँदै जानेछ। त्यसपछि बल्ल हामी माथिका प्रश्नमा तुलनात्मक रूपले ठोस जवाफ दिन सक्नेछौं। सुरूमा बढी भाइरसको सम्पर्कमा आउँदा रोगको लक्षण जटिल हुन्छ कि हुँदैन र त्यस्ता बिरामीले अरू धेरैलाई भाइरस सार्न सक्छ कि सक्दैन भन्ने कुरा त्यसपछि यकिनसाथ भन्न सकिनेछ।

हामीले अब कोरोना भाइरसलाई आकाशबाट चराको आँखाले होइन, जीवाणुको सूक्ष्म-नजरले हेर्नुपर्नेछ। यी प्रश्नको जवाफले नै आगामी दिनमा भाइरस संक्रमित बिरामीको उपचार, अस्पताल निर्माण र जनसंख्या व्यवस्थापनको बाटो तय गर्नेछ।

एकचोटि हामी धेरै भाइरसको सम्पर्कमा आउनेलाई रोगले धेरै थला पार्छ भन्ने अवधारणा मानेर हेरौं।

अहिले डाक्टर र नर्सहरू कोरोना भाइरसको सबभन्दा बढी सम्पर्कमा छन्। उनीहरूले मास्क, पन्जा, गाउन लगायत सुरक्षा उपकरण प्रयोग गर्दागर्दै पनि आफूलाई संक्रमणबाट बचाउन सकेका छैनन्। जुन ठाउँमा यस्ता सुरक्षा उपकरण पर्याप्त उपलब्ध छैनन्, त्यहाँका स्वास्थ्यकर्मी पनि अग्रपंक्तिमा रहेर महामारीविरुद्ध लडिरहेकै छन्।

ती सबै स्वास्थ्यकर्मीको जोखिम कम गर्न उनीहरूको शरीरमा भाइरसको संख्या गणना गर्न सकिन्छ। कोही बारम्बार भाइरसको सम्पर्कमा आइरहेको छ भने उसलाई तत्काल उपचार गरेर रोगग्रस्त हुनबाट बचाउन सकिन्छ।

यो महामारी बेला हामीले रोगको लक्षण देखिएका बिरामी वा तिनको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूमा भाइरसको संख्या गणना गर्‍यौ भने उनीहरूलाई तत्काल प्राथमिकतासाथ उपचार गर्न सक्छौं। उपचार सामग्री र चिकित्सकहरू अभाव हुँदै गएको समयमा कुन बिरामीलाई छिटोभन्दा छिटो सघन उपचारको खाँचो छ भनी छुट्ट्याउन यो विधि प्रभावकारी हुनसक्छ।

हामीले यसरी व्यक्तिपिच्छे भाइरसको संख्या गणना गर्न थाल्यौं भने कोभिड-१९ को उपचार पद्धति परिवर्तन हुन सक्छ। यस्तो परीक्षण गर्न खासै महँगो पर्दैन। हामीसँग उपलब्ध प्रयोगशालाहरूमा सजिलै गर्न सकिन्छ।

हामी अब दुई चरणको प्रक्रिया अनुमान गरौं-पहिलो, संक्रमित बिरामी पहिचान गर्ने। त्यसपछि उनीहरूको सिंगान, र्‍यौ र खकारमा भाइरसको संख्या गणना गर्ने। खासगरी त्यस्ता बिरामीको, जसलाई सघन उपचारको खाँचो छ। यसले कुन बिरामीलाई कुन स्तरको उपचार गर्नुपर्छ भनी यकिन गर्न सजिलो हुनेछ।

हामीले रोग लागेर निको भइसकेका बिरामी पनि पहिचान गर्नुपर्नेछ, जसको रगतमा कोरोना भाइरससँग जुध्ने प्रतिरोधात्मक क्षमता विकास भइसकेको हुन्छ। उनीहरूको रगत परीक्षण गरेर भाइरससँग लड्ने 'एन्टिबडी' मापन गर्न सकिन्छ।

त्यस्ता व्यक्ति स्वास्थ्यकर्मी हुन् भने महामारीविरुद्धको लडाइँमा अग्रपंक्तिमा उभ्याउन सकिन्छ। उनीहरूले आफू बिरामी नभइकन पूर्ण सुरक्षित रूपमा अरू बिरामीको उपचार गर्न सक्छन्। यसले कोरोनाविरुद्धको उपचार प्रभावकारी हुनेछ।

आजभन्दा ९२० वर्षअघि बाह्रौं शताब्दीमा चिनियाँहरूले ठेउलाको महामारी फैलिँदा यही विधि अपनाएका थिए।

त्यो बिहान कोलकाताको शितला देवी मन्दिर दर्शन गर्न जाँदा मैले एक जना आमालाई देखें। उनी सात दिनदेखि ज्वरोले थला परेको आफ्नो बच्चा लिएर आएकी थिइन्। शितला देवीले संसारलाई महामारीको तापबाट शितल प्रदान गर्छिन् भन्ने यहाँको जनविश्वास छ। ती आमा त्यही विश्वास पछ्याउँदै आफ्नो सन्तानको सुस्वाथ्यका लागि शितला देवीको प्रार्थना गर्दै थिइन्।

प्रार्थना आफ्नो ठाउँमा छँदैछ, कोरोना भाइरसविरुद्धको लडाइँमा विज्ञानले भने भाइरसको गति पछ्याउनु पर्नेछ। भाइरसको गति उसको संख्याले बढ्छ। संख्या जति बढी हुँदै गयो, भाइरसको असर उति तीव्र हुँदै जान्छ।

यो लडाइँ जित्न अब संसारभरिका बिरामीको संख्या मात्र होइन, ती प्रत्येक बिरामीमा भाइरसको संख्या पनि थाहा पाउनुपर्छ। सेतोपाटी अनलाईवाट

